का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ फागुन २०८०,
मंगलबार
5 March 2024,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २१ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## सत्ताको रिले दौड

# कांग्रेस बाहिरियो एमाले भित्रियो

**प्रचण्डको नेतृत्वमा सरकार बनेको एक वर्षमै तेस्रोपटक सत्ता समीकरण बदलिएको हो । यो सत्ताको रिले दौडमा कांग्रेस र एमाले एक बाहिरिँदा अर्को भित्रिरहेका छन् । यसपटक पनि त्यस्तै भएको हो ।**





"समाजवादी मोर्चाबन्दीका माध्यमबाट बृहत् बाम एकताको लक्ष्य राखिएको छ । त्यस आधारमा नयाँ समीकरण गरेर अगाडि जान खोजिएको हो ।"

**अग्नि सापकोटा**
**उपाध्यक्ष, माओवादी केन्द्र**

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २१ फागुन ।

सत्ता समीकरण फेरिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नयाँ समीकरणमा सहभागी दलहरुसँगको सहमतिमा ४ सदस्यीय मन्त्रिपरिषद बनाएका छन् । नेकपा एमालेका पदम गिरी, नेकपा माओवादी केन्द्रका हितबहादुर तामाङ र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का डीपी अर्यालले मन्त्रीको शपथ लिएका छन् ।

१० पुस २०७९ मा नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनता समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीको समर्थनमा प्रधानमन्त्री नियुक्त भएका प्रचण्डले करिब डेढ महिनापछि गठबन्धन परिवर्तन गरेका थिए ।

उनले एमालेसँगको सहकार्य छाडेर नेपाली कांग्रेस, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीसँग मिलेर मन्त्रिपरिषद गठन गरेका थिए ।

जसमा कांग्रेसका ९ जना, माओवादी केन्द्रका ५ मन्त्री र एक राज्यमन्त्री, जनता समाजवादी पार्टीका २ मन्त्री र एक राज्यमन्त्री, एकीकृत समाजवादीका २ मन्त्री र एक राज्यमन्त्री, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीका १/१ जना मन्त्री थिए ।

यो समीकरणमा भएका सबै दलका मन्त्री हटेर नयाँले शपथ लिएसँगै प्रचण्ड नेतृत्वमा सरकार बनेको एक वर्षमै तेस्रोपटक सत्ता समीकरण बदलिएको हो । यो सत्ताको रिले दौडमा कांग्रेस र एमाले एक बाहिरिँदा अर्को भित्रिरहेका छन् । यसपटक पनि त्यस्तै भएको हो । प्रधानमन्त्री प्रचण्डले समाजवादी मोर्चाबन्दी हुँदै बृहत बामएकतासम्मको लक्ष्य अनुसार नयाँ पृष्ठ २ मा

## राष्ट्रिय सभा अध्यक्षमा माओवादी, उपाध्यक्षमा एमाले

नयाँ सत्ता गठबन्धन बनाएका दलले आठबुँदे सहमति गरेका छन् । चार दलका प्रमुखले हस्ताक्षर गरेको सहमतिमा राष्ट्रिय सभा अध्यक्षमा माओवादी र उपाध्यक्षमा एमालेलाई समर्थन गर्ने उल्लेख छ ।

राष्ट्रिय सभाको अध्यक्षको निर्वाचन यही फागुन २९ गते गर्ने कार्यतालिका छ ।

सरकार गठन प्रक्रियामा सकारात्मक अन्य दलसँग पनि संवाद अगाडि बढाउने बताइएको छ भने चार दलले संक्रमणकालीन न्यायसम्बन्धी विधेयक अविलम्ब टुंग्याउन पनि सहमति गरेका छन् । माओवादीको चाहनाअनुरुप नेकपा एमालेले संक्रमणकालीन न्यायसम्बन्धी विधेयकका अधिकांश बुँदामा सहमति जनाइसकेको छ ।

सरकारको काम अघि बढाउन संयुक्त तीन तथा कार्यक्रम बनाउने सहमति पनि चार दलले गरेका छन् ।

# अस्थिरताकै निरन्तरता

आमचुनाव पछिको १५ महिनामा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले तीन वटा गठबन्धन र १४औं पटक मन्त्रिपरिषद् विस्तार गरेर राजनीतिक अस्थिरतालाई निरन्तरता दिएका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ फागुन ।

गत वर्ष २५ फागुनमा सम्पन्न राष्ट्रपतिको निर्वाचनदेखि सुरु भएको नेपाली कांग्रेस नेतृत्वको सत्ता गठबन्धन अन्ततः भत्किएको छ । सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले १४औं पटक मन्त्रिपरिषद् पुनर्गठन गरी सत्ता समीकरण परिवर्तन गरेका हुन् ।

प्रधानमन्त्री प्रचण्डले यसअघिका सबै मन्त्रीको जिम्मेवारी खोसेका छन् । सबै मन्त्रालयको जिम्मेवारी आफै लिएर प्रधानमन्त्री प्रचण्डले सोमबार नै तीन मन्त्रीलाई नियुक्त गरेका छन् ।

नयाँ मन्त्रीमा माओवादी केन्द्रबाट हितबहादुर तामाङ, नेकपा एमालेबाट पदम गिरी र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट डीपी अर्याललाई बिना विभागीय मन्त्री नियुक्त गरिएको हो । मन्त्रीहरु नियुक्त भएपछि एमाले, माओवादी केन्द्र, रास्वपा र जसपाका पार्टी प्रमुखहरुले हस्ताक्षर गरेर नयाँ राजनीतिक समीकरण घोषणा गरेका छन् ।

उक्त ८ बुँदे सहमति अनुसार, राष्ट्रियसभाको अध्यक्ष माओवादीले र उपाध्यक्ष एमालेले लिनेछन् । अरु सहमतिमा सरकार सञ्चालन सहित संक्रमणकालीन न्याय टुंग्याउने विषय उल्लेख छ । तर मुख्य एजेण्डा सरकारलाई पूर्णता दिने र सञ्चालन विधिलाई बुक्त सहमतिमा राखिएको छ ।

यसअघि पनि यस्तै सहमति कांग्रेस नेतृत्वको गठबन्धनमा पनि भएको थियो । गत वर्ष २५ फागुनमा पनि प्रचण्डले एमालेसँग गठबन्धन तोडेर कांग्रेससँग सहकार्य गर्दा यस्तै सहमति गरेका थिए । तर कांग्रेससँगको समीकरण एक वर्ष पनि टिकेन ।

अझ कांग्रेसका मन्त्रीहरुले त्यति अवधि पनि काम गर्न पाएनन् । कांग्रेसबाट सरकारमा सहभागी हुने मन्त्रीहरुले गत वर्ष १७ चैत र ५ वैशाखमा शपथ लिएका थिए । फेरि प्रचण्डले समीकरण बदलेकाले मन्त्रिपरिषद् १४औं पटक पुनर्गठन गर्नुपरेको हो ।

अर्थात् प्रधानमन्त्री बनेको १४ महिनामा प्रचण्डले १४औं पटक मन्त्रिपरिषद् पुनर्गठन गरे । यो आफैमा राजनीतिक अस्थिरता रहेको प्रष्ट उदाहरण हो ।

तर अझैपनि राजनीतिक अस्थिरता अन्त्य हुनेमा ढुक्क हुने अवस्था छैन । किनकि वर्तमान संसद्को कार्यकाल भर्खर एक वर्ष सकिदैछ । अझै चार वर्ष बाँकी छ ।

अनि नेताहरुको सत्ताकै निम्ति गठबन्धन बदलिरहने प्रवृत्ति डरलाग्दो देखिएको छ । किनकि अहिलेको सरकारको नेतृत्व गरेको पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# विदेशमै पदमुक्त भए 'वैदेशिक रोजगार' मन्त्री !

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ फागुन

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गठबन्धन फेरेर मन्त्रिपरिषद् पुनर्गठन गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय आफू मातहत राखेपछि विदेश भ्रमणमा रहेका शरतसिंह भण्डारी बीच बाटोमै पदमुक्त भए । भण्डारी नेपाल वैदेशिक रोजगार व्यवसायी संघद्वारा संयुक्त अरब इमिरेट्स (यूएई)मा आयोजित जव फेयरमा भाग लिन शुक्रबार श्रममन्त्रीको हैसियतमा त्यसतर्फ गएका थिए ।

शनिबार कार्यक्रमको औपचारिक उद्घाटन गरेका भण्डारी मंगलबार स्वदेश फर्किने तरखरमा थिए । तर त्यसअघि सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिपरिषद् पुनर्गठन गरी मन्त्रालयको जिम्मेवारी आफैंले लिएपछि १२ पटक मन्त्रीको जिम्मेवारी सम्हालेका भण्डारी पदमुक्त भए । निवर्तमान मन्त्री भएपछि भण्डारी सोमबार नै स्वदेश फर्किए ।

फ्रि भिसा फ्रि टिकटको करिब दश वर्ष पुरानो निर्णय अव्यवहारिक भएकाले त्यसलाई परिवर्तन गरी वैदेशिक रोजगार व्यवसायीले लामो समयदेखि उठाउँदै आएको मागबमोजिम कामदारको एक महिनाको तलब बराबरको सेवा शुल्क तोकिनुपर्ने मान्यता राख्दै आएका उनी उक्त दूरगामी महत्वको कामलाई पूर्णता दिन नपाउँदै जिम्मेवारीबाट बाहिरिन बाध्य भए ।

उनको कार्यकालमा इजरायल तथा जापानमा निजी क्षेत्रका म्यानपावर कम्पनीबाट कामदार पठाउन पाउने निर्णय भने भएका छन् । कार्यान्वयनमा आइनसकेको भएपनि भण्डारीको कार्यकालमा विदेशस्थित नेपाली दूतावासमा १५ दिनसम्म पनि प्रमाणीकरण नभएका मागपत्र श्रम मन्त्रालयबाट प्रमाणीकरण गर्ने निर्णय पनि भएको थियो ।

वैदेशिक रोजगारको तत्कालै विकल्प नभएकोमा 'कन्भिन्स' देखिएका निवर्तमान मन्त्री पृष्ठ २ मा

### मलेसियामा अवैधानिक कामदार फिर्तामा बिचौलिया निषेध

**मलेसिया/मस–** मलेसियाले अवैधानिक अवस्थामा रहेका ६ लाखभन्दा बढी विदेशी कामदारलाई स्वदेश फिर्ता गर्ने कार्यक्रममा बिचौलियाको चलखेल निषेध गरिने बताएको छ । मलेसियाले मार्च १ तारिकबाट शुरुवात भएको घर फिर्ताको कार्यक्रम आगामी डिसेम्बर ३१ तारिकसम्म जारी राख्ने बताएको छ ।

त्यस अवधिमा आवश्यक कागजपत्रविहीन ६ लाखभन्दा बढी विदेशी कामदारलाई कानूनी कारबाही अर्थात जरिवानाबिना नै स्वदेश फर्किन मौका दिइएको छ । उनीहरुलाई अध्यागमन ऐनअन्तर्गत केही अपराधहरुका पृष्ठ २ मा

## निजामती सेवा विधेयक

# स्थानीय र प्रदेशमा १० वर्षसम्म संघकै कर्मचारी

स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र प्रदेश सरकारका सचिव १० वर्षसम्म संघीय सेवाकै कर्मचारी रहने गरी विधेयक आएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ फागुन ।

संघीयता कार्यान्वयनका लागि महत्वपूर्ण मानिएको संघीय निजामति सेवा विधेयक संघीय संसदको प्रतिनिधि सभामा दर्ता भएको छ । प्रतिनिधि सभामा दर्ता भएको विधेयकमा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र प्रदेश सरकारका सचिव १० वर्षसम्म संघीय सेवाकै कर्मचारी रहने प्रस्ताव छ ।

प्रतिनिधि सभाको अघिल्लो कार्यकालमा संसदमा आएर फिर्ता भएको विधेयकमा यो विषयमा निकै रस्साकस्सी भएको थियो । यसपटक संघीय सरकारले संघीय निजामती सेवा ऐन प्रारम्भ भएको १० वर्षसम्म प्रदेश सचिवहरु संघीय निजामती सेवाबाटै खटाउने गरी विधेयक आएको हो । विधेयकमा सरकारले १० वर्षसम्म प्रदेश निजामती सेवामा ११ तह मात्रै रहने र त्यसपछि मात्रै १२ औं तहको पद कायम हुने व्यवस्था प्रस्ताव गरेको छ ।

विधेयकमा प्रदेश निजामतीको १२ औं तहको कर्मचारी मात्रै प्रदेश सचिव हुने व्यवस्था पनि उल्लेख छ । यसले १० वर्षसम्म प्रदेशका मन्त्रालयहरुमा संघबाट खटिएका कर्मचारीले प्रदेश सचिवका रुपमा काम गर्ने अवस्था सिर्जना हुनेछ । १० वर्षपछि प्रदेश निजामतीमा १२ औं तहका पद सिर्जना भएपछि मात्रै प्रदेश सचिवहरु प्रदेश निजामतीबाट मन्त्रालयहरुमा पुग्नेछन् ।

विधेयकमा नै ऐन प्रारम्भ भएको १० वर्षसम्म नेपाल सरकारले संघीय निजामती सेवाको १२ औं तहको सम्बन्धित सेवा समूहका कर्मचारीलाई प्रदेश सचिवका रुपमा खटाउने व्यवस्था प्रस्ताव गरिएको हो । संघीय सरकारले प्रदेश सचिवहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा खटाउने र सो कार्यालयले प्रदेश मन्त्रालयहरुमा सरुवा तथा पदस्थापन गर्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

विधेयकमा यस्तो सरुवा वा पदस्थापनको एक वर्षसम्म अन्यत्र सरुवा गर्न नपाइने र गर्नु परेमा संघीय सरकारले अनुमति लिनुपर्ने व्यवस्था उल्लेख छ । यस्ता कर्मचारी प्रदेश सरकारप्रति उत्तरदायी हुने र कार्यसम्पादन मूल्यांकन पनि प्रदेशबाटै हुने गरी विधेयक प्रस्ताव गरिएको छ ।

### सेवा प्रवेशको उमेर घटाइने

प्रस्तावित विधेयकमा निजामती सेवा प्रवेशका लागि उम्मेदवार बन्न पाउने अधिकतम उमेर सीमा घटाउने प्रस्ताव गरिएको छ ।

पुरुषले ३२ वर्ष र महिलाले ३७ वर्ष हुँदासम्म लोकसेवा आयोगको परीक्षामा सहभागी हुन पाउने प्रस्ताव गरिएको छ । यसअघि पुरुषहरुले ३५ वर्ष र महिलाहरुले ४० वर्षसम्म खुला प्रतिस्पर्धामा सहभागी हुन पाउँथे ।

यसअघि ४० वर्षको उमेरमा सेवा प्रवेश गरेका महिलाहरु ५८ वर्ष उमेरमा सेवा निवृत्त हुँदा सेवा अवधि १८ वर्ष मात्र हुन्थ्यो । पेन्सन पाउन सेवा अवधि कम्तिमा २० वर्ष हुनुपर्छ । १८ वर्षमै सेवानिवृत्त हुने कर्मचारीहरुलाई २ वर्ष सेवा थप गरी सरकारले पेन्सन उपलब्ध गराउँथ्यो

निजामती सेवा विधेयकमा महिला र पुरुष दुवै उम्मेदवारको सेवा प्रवेशको अधिकतम उमेर घटाइएको छ ।

विधेयको दफा १८ मा उम्मेदवार हुनका लागि योग्यता सम्बन्धी व्यवस्था छ । राजपत्र अनंकित वा सहायक तहको पदमा १८ वर्ष उमेर पूरा भएको हुनुपर्ने र राजपत्रांकित वा अधिकृत तहको पदमा एक्काइस वर्ष उमेर पूरा भएको हुनुपर्ने व्यवस्था छ ।

यसैगरी पुरुष उम्मेदवारको हकमा ३२ वर्ष र महिला उम्मेदवारको हकमा ३७ वर्ष उमेर पूरा नभएको हुनुपर्ने व्यवस्था दफा १८ को ग मा उल्लेख छ ।

तर भूतपूर्व सैनिक वा प्रहरी नियुक्ति हुने भनी तोकिएको संघीय निजामती सेवाको पदमा ४० वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्ने व्यवस्था राखिएको छ ।

यसैगरी, अधिकृत नवौं तहको पदका पृष्ठ २ मा

# विद्यालय जाने सार्वजनिक बाटो वडा अध्यक्षद्वारा कब्जा

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २१ फागुन



रौतहट गुजरा नगरपालिका वडा नम्बर ५ मा सञ्चालनमा रहेको रहमान प्राथमिक विद्यालयमा जाने सार्वजनिक बाटो वडा अध्यक्षले नै कब्जा गरेको आरोप लागेको छ । विद्यालयमा जाने बाटो नै कब्जा भएपछि अहिले विद्यालय जाने बालबालिकालाई समस्या भएको छ।

विद्यालयका प्रध्यानाध्यापक मोहमद अफरोज आलमले वडा अध्यक्ष शेख जमालुदीनले सर्वे नक्सामा करिव ७० फिट कायम रहेको सार्वजनिक सडक कब्जा गरेको आरोप लगाए ।

वडा अध्यक्ष जमालुदीन र सोही वडाका ६५ वर्षीय शेख वहाबले विद्यालयमा आवतजावतको लागि प्रयोग हुँदै आएको बाटो निजी कब्बामा लिएको दाबी गरिएको छ । सोमबार सञ्चारकर्मीहरुसँग कुरा गर्दै प्रध्यानाध्यापक आलमले यस्तो आरोप लगाएका हुन् । रौतहट कनकपुर वडा नम्बर १ को किता नम्बर २५१४ को २ कट्ठा जग्गामा स्थापना भएको विद्यालयको नेपाल सरकारको सर्वेमा पशिचम तर्फबाट कायम रहेको करिब ७० फिट सार्वजनिक सडक वडा अध्यक्षले बलपूर्वक कब्जा गरेपछि विद्यालयमा अध्यनरत रहेको ३ सय ८३ जना बालबालिकाको पठन पाठन प्रभावित भएको बताएका छन् ।

विद्यालयको विकास गर्नुपर्नेमा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिले विद्यालयको विनाश गर्नेतर्फ अग्रसर भएको उनको भनाइ छ। २०६६ सालमा स्थापना भएको सो विद्यालयमा विद्यार्थीहरु सोही बाटो भएर विद्यालयमा निर्विवाद रुपमा आउने गरेकोमा अहिले आएर वडा अध्यक्षले सो बाटो निजी रुपमा कब्जा गरेपछि विद्यार्थीहरुको पढाइ प्रभावित भएको बताए ।

विद्यालयमा आउने बाटो कब्जा गरेका वडा अध्यक्ष उपरमा उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जमा मुद्दा दायर गरेकोमा फागुन २२ गते छलफलको लागि बोलाइएको प्रध्यानाध्यापक आलमले बताए ।

निषेधज्ञाको सूचना पाएका वडा अध्यक्षले इँटाको पर्खाल नै बाटोमा हालेको उनले बताए । विद्यालयमा जाने बाटो किन अवरोध गरेको भनेपछि कुटपिट गर्ने धम्की दिने गरेको उल्लेख गरे । कब्जा गरेको बाटो खुलाउनको लागि नगर प्रमुख र उपप्रमुखलाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नदेखाएको उनको गुनासो छ ।

# गेरुवा गणेशपुरमा धार्मिक महायज्ञ शुरु



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २१ फागुन

गेरुवा गाउँपालिकाको वडा नं ३ गणेशपुर शान्तिबजारमा गौरी शंकर धार्मिक ज्ञान महायज्ञ शुरु भएको छ । गौरी शंकर धार्मिक सप्ताह ज्ञान महायज्ञ मूल आयोजक समितिको आयोजनामा गौरी शंकर मन्दिर प्राङ्गणमा सोमबारदेखि ज्ञान महायज्ञको आयोजना गरिएको हो।

गौरी शंकर मन्दिरको सर्वाङ्गीण विकास गर्न तथा सत्संग भवनसहितको व्यवस्थित धर्मशाला र दिव्यधाम निर्माणका लागि संगितमय श्रीमत भागवत कथा वाचन, १००८ सहस्त्र शालिकराम परिक्रमा, योग विज्ञान शिविर तथा बाल संस्कार कार्यक्रमको आयोजना गरिएको ज्ञान महायज्ञ मुल आयोजक समितिका संयोजक तेजराज बजगाईंले बताए ।

ज्ञान महायज्ञको उद्घाटन पानसमा दिप प्रज्वलित गरी गेरुवा गाउँपालिकाका अध्यक्ष जमान सिंह के.सी.ले गरेका थिए । उद्घाटन कार्यक्रममा अध्यक्ष के.सी.ले यस्ता किसीमका कार्यकमले मानिसलाई नैतिकवान बनाउन सघाउने बताउँदै गौरी शंकर मन्दिर परिसरमा निर्माण गर्न खोजिएको लक्ष्मीनारायणको मन्दिर निर्माणार्थ गाउँपालिकाबाट बजेट विनियोजन गर्ने प्रतिबद्धता समेत जनाए ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष लक्ष्मी कुमारी चौधरी, वडा नं ३ का वडा अध्यक्ष निर्मल कुमार चौधरी निवर्तमान उपाध्यक्ष हेमा कुमारी थरुनी, समाजसेवि अरुण प्रकाश सिंह राठौर लगायतले महायज्ञ सफलताका लागि शुभकामना व्यक्त गरेका थिए ।

यसअघि मन्दिर परिसरबाट निकालिएको विशाल कलश यात्राले शान्तिबजार, बालुवाटार, सतमुरियाचौक, भगतपुर, गणेशपुर, मुलपानी, छोटकी गणेशपुर लगायतका स्थान परिक्रमागरी मन्दिर प्रवेश गरेको थियो । फागुन २८ गतेसम्म सञ्चालन हुने ज्ञान महायज्ञको कथा वाचक आचार्य किशोर शरण सुवेदी रहेका छन् ।

# काठमाडौं महानगरद्वारा ४ हजारभन्दा बढी कुकुर र बिरालोको बन्ध्याकरण



**काठमाडौं/मस**–सामुदायिक कुकुर र विरालो सबैको संख्या घटाउँदै लैजाने लक्ष्य अनुसार काठमाडौं महानगरपालिकाले ४ हजार भन्दा बढी कुकुर तथा बिरालोको बन्ध्याकरण गरेको छ । महानगर प्रमुख बालेन्द्र शाहका अनुसार १ सय २० दिनमा ४९३८ वटा सामुदायिक कुकुर तथा बिरालोको बन्ध्याकरण गरिएको हो । त्यस्तै ११ हजार ३०८ वटा कुकुर र बिरालोलाई रेबिजविरुद्धको खोप लगाएको छ । महानगरले आगामी चार वर्षभित्रमा सामुदायिक कुकुर र बिरालो सबैको संख्या घटाउदै लैजाने लक्ष्य राखेको छ । 'हामीले सोचेजस्तो धेरै कुकुर र विरालोको संख्या भेटिएन,' नगरप्रमुख साहको भनाइ छ, 'टोलमा भेटिएका कुकुर बिरालाहरुलाई वडाका पतिनिधिको रोहवरमा अभिलेखन गरेर पशुकल्याण तथा पशु अधिकारलाई आत्मसात गर्दै समाउने, बन्ध्याकरणका लागि सेल्टरमा लैजाने तथा उपचारपछि पुर्नस्थापना गरिरहेका छौं ।'

महानगरले बन्ध्याकरण गरिएका कुकुर र बिरालोको कानमा सानो चिन्ह लगाएको छ। 'हाम्रो लक्ष्य भनेको सामुदायिक कुकुर र बिरालोको संख्या सीमित गरेर, भएकाहरूलाई बस्न र बाँच्न उचित वातावरण तयार पार्ने हो,' नगरप्रमुख शाहले भने। महानगरले 'एअर नोच' नभएका कुकुर र बिराला देखेमा महानगरको कल सेन्टरको निःशुल्क फोन नं. ११८० मा सम्पर्क गरेर जानकारी गराउन समेत आग्रह गरेको छ ।

# परमेश्वर मण्डलीको आयोजनामा रक्तदान




**काठमाडौं/मस**– भक्तपुर परमेश्वर मण्डलीले रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। सोमबार आयोजित रक्तदान कार्यक्रममा २ सय ५० भन्दा बढीले रक्तदान गरेका छन् ।

रक्तदान कार्यक्रममा भक्तपुर लगायत बनेपा, सल्लाहघारी, दुवाकोट, तिनकुने, च्यामासिंग र गोठाटार आदि क्षेत्रहरूबाट सहभागी भएका थिए ।

मण्डलीका सचिव बोल बहादुर मगरले कार्यक्रमको नाममा भएको 'निस्तार-चाड'लाई उल्लेख गर्दै 'निस्तार-चाडचाँहि, विपत्ति पार' भन्ने अर्थ बोकेको परमेश्वरको चाड रहेको बताए ।

नेपाल रेडक्रस भक्तपुर शाखाले रक्तदानका लागि चिकित्सा सामग्रीहरू सहयोग गर्नुका साथै रक्तदाताको स्वास्थ्य चेकजाँच र रक्त संकलन आदिमा सहयोग गरेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि चाँगुनारायण नगरपालिका वडा नं. २ का वडा अध्यक्ष सोमप्रसाद प्रधानले २०७२ को महाभूकम्पको स्वयंसेवा, नदी तथा टोल सरसफाई, विद्यालय पुनस्थापना र रक्तदान जस्ता सामाजिक कार्यमा योगदान पुऱ्याएको भिडियो हेरेर एकदमै प्रभावित भएको बताए ।

कार्यक्रममा जनजागरण पार्टी नेपालका राष्ट्रिय सभा सदस्य उम्मेद्वार भिम बहादुर योङ्याले परमेश्वरको मण्डलीले १,२ पटक नभएर १२७९ औं पटक रक्तदान गरिसकेको भन्दै धन्यवाद व्यक्त गरे ।

परमेश्वरको मण्डली विश्वभरि १७५ वटा देशहरूमा ७,५०० वटाभन्दा बढी क्षेत्रहरूमा स्थापना भएको विश्वव्यापी मण्डली हो ।

३७ लाख जना सन्तहरूले बाइबलको शिक्षाअनुसार पिता परमेश्वर र माता परमेश्वरलाई विश्वास गर्दछन् । २७,००० पटक स्वयंसेवा गतिविधि गरेबापत् यो मण्डलीले अमेरिकी राष्ट्रपतिय अवार्ड, कोरियाली राष्ट्रपतिय अवार्ड, ब्राजिलियन विधायिकी पदक आदि कुल ४,२०० वटाभन्दा भन्दा बढी अवार्डहरू प्राप्त गरेको छ ।

# शितगंगा नगरपालिकामा कृषि उपज संकलन केन्द्र स्थापना हुँदै



**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २१ फागुन

अर्घाखाँचीको शितगंगा नगरपालिकाले नगरपालिकाभित्रका किसानहरुले उत्पादन गरेको कृषि उपजहरुको बजारीकरण गर्ने भएको छ । नगरपालिकाले कृषि उपज संकलन केन्द्र स्थापना गरेर बजारीकरण गर्न लागेको हो ।

नगरपालिकाले कृषि संकलन केन्द्रको वडा नं ४ अमराइमा निर्माण गरिरहेको छ। उक्त केन्द्र स्थापना भएपछि त्यसलाई बजारीकरणको रुपमा सञ्चालनमा ल्याउने तयारी भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले जानकारी दिए ।

किसानहरुले उत्पादन गरेको हरेक प्रकारको कृषि उपजहरु बिक्री नभएको गुनासो गरेका कारण नगरपालिकाले किसानका उत्पादनहरु खरिद गर्ने र नगरपालिकाले नै बजारीकरण गर्ने अधिकृत शर्माले बताए ।

नगरपालिकाले स्थानीय सहकारीलाई संकलन र बिक्रीको जिम्मा दिने तयारी गरेको कारण यसको प्रकिया अगाडि बढाइएको नगरपालिकाका योजना अधिकृत नुमलाल खनालले बताए ।

नगरपालिकाभित्र रहेको आधारशिला साना किसान कृषि सहकारी संस्था र पशु विकास महिला सहकारी संस्थाका प्रतिनिधिसँग समेत छलफल भइ अब काम शुरु गर्ने तयारी रहेको नगरपालिकाका कृषि शाखा प्रमुख अनिल शर्माले जानकारी दिए ।

नगरपालिकाले उत्पादनमा आधारित अनुदान प्रदान गरिरहेको भएपनि दुरुपयोग भएको गुनासो आएको र कृषि गरिरहेका किसानले बजारीकरणमा समस्या भएको गुनासो गरेपछि उत्पादनको न्यूनतम सर्मथन मुल्यमा अनुदान दिने र किसानका हरेक उत्पादन नगरपालिकाले नै खरिद गरिदिने गरी संकलन केन्द्रको सञ्चालन गर्न लागिएको शितगंगा नगरपालिका योजना अधिकृत खनालको भनाइ छ ।

यस्तै नगरपालिकाको कृषि शाखा प्रमुख, उद्योग वाणिज्य संघका अध्यक्ष तथा वडा अध्यक्षसहित सहकारीको टोलीले संघीय सरकारले तोकेको ११ तरकारी बजार अन्तर्गतको रहेको बुटवल कृषि बजार व्यवस्थापन समिति तथा बुटवल कृषि उपज थोक बजार संकलन समितिसँग कृषि उत्पादन खरिदबारे छलफल गरेको वडा नम्बर ३ का अध्यक्ष चिन्तराज अधिकारीले बताए ।

छलफलमा बुटवल कृषिबजार व्यवस्थान समितिका अध्यक्ष धनश्याम भुसालले हाल विभिन्न जिल्लाको कृषि उत्पादन खरिद गरिरहेको जानकारी गराउँदै कृषकले बजार मुल्य अनुसार उत्पादनको बजार पाउनेमा ढुक्क रहन र उत्पादन खरिदमा कुनै समस्या नरहने बताए ।

स्थानीय तहको सिफारिससहित आएको स्टलनै उपलब्ध समेत गराउन कृषि बजार व्यवस्थापन समिति तयार रहेकोले किसान र व्यापार बीचको पुलको काम समितिले गर्ने बताउँदै उत्पादनमा जोड दिन उनले अनुरोध गरे ।

## सत्ताको...

समीकरण बनाएको बताएका छन् । सहिद सप्ताहअन्तर्गत शहिद प्रतिष्ठान नेपालले राजधानीमा गरेको 'शान्ति प्रक्रिया, संघीय लोकतान्त्रिक गणतन्त्र र आजको राजनीति' विषयक कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले यस्तो बताएका हुन् ।

माओवादी केन्द्रका उपाध्यक्ष अग्नि सापकोटा पनि बृहत बाम एकताकै लागि नयाँ समीकरण बनेको बताउँछन् । भन्छन्, 'समाजवादी मोर्चाबन्दीका माध्यमबाट बृहत बाम एकताको लक्ष्य राखिएको छ । त्यस आधारमा नयाँ समीकरण गरेर अगाडि जान खोजिएको हो ।'

## अस्थिरताकै...

माओवादीसँग संसदमा ३२ सिट मात्रै छ । संसद्को सवैभन्दा ठूलो दल कांग्रेस भने सत्ता बाहिर पुगेको छ ।

नयाँ सत्ता समीकरणभित्र देखिन सक्ने शक्ति संघर्ष र कांग्रेसले सत्ता बदल्ने चाहना राख्दा फेरि पनि राजनीतिक अस्थिरता बढ्ने खतरा देखिन्छ ।

## सेवा...

लागि हुने खुला प्रतियोगितामा ४० वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्ने छन् ।

पूर्ण अशक्त अपांगता, अति अशक्त अपाङ्गता वा मध्यम अशक्त अपाङ्गता भएको व्यक्ति पनि ३७ वर्षसम्म उम्मेदवार हुन सक्ने छन् ।

संघीय निजामती सेवाका स्थायी कर्मचारी, कर्मचारी समायोजन सम्बन्धी संघीय कानुन बमोजिम सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका कर्मचारी वा लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई प्रदेश निजामती सेवा वा स्थानीय सेवामा स्थानीय नियुक्ति भएका कर्मचारीलाई भने उमेरको हद नलाग्ने व्यवस्था छ ।

## विदेशमै...

भण्डारी वैदेशिक रोजगार क्षेत्रलाई स्वच्छ, मर्यादित र व्यवस्थित गर्न व्यवहारिक नीतिका पक्षमा उभिएका थिए ।

भण्डारी बाहिरिएपछि निवर्तमान श्रममन्त्री राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डोलप्रसाद अर्याल मन्त्रिपरिषदमा भित्रिएका छन् । उनैले श्रम मन्त्रालयको जिम्मेवारी पाउने या नपाउने भन्नेबारे एकिन भने भएको छैन ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलले वैदेशिक रोजगारका क्षेत्रमा रहेका समस्या र समाधानका विषय प्राविधिक प्रकृतिको भएको र लामो समय लगाएर समस्या बुझाएको मन्त्री पदबाट बाहिरिँदा नयाँ मन्त्रीलाई पुनः प्रारम्भिक चरणबाट जानकारी गराउँदा समय लाग्ने अवस्था उत्पन्न हुनु चिन्ताको विषय भएको बताए ।

## मलेसियामा...

लागि मात्र जरिवाना हुने मलेसियाका गृहमन्त्री सैफुद्दीन नासुशन इस्माइलले बताएका छन् । गृहमन्त्री सैफुद्दीनले अवैधानिक अवस्थामा रहेका आप्रवासीहरुले घर फिर्ती कार्यक्रममा सहभागी हुन प्रयोग गर्ने एजेन्टको सेवा प्रतिबन्ध गरिएको बताए । एजेन्टहरुले स्वदेश फर्किन चाहने विदेशी कामदारलाई ठगी गर्ने नियतले अध्यागमन कार्यालयमा दर्ता शुल्क लाग्ने बताएर लेनदेन गर्ने गरेको भन्दै उनले घर फिर्ती कार्यक्रममा निवेदन दिन आफैं आउन अवैधानिक अवस्थाका कामदारलाई आग्रह गरेका छन् ।

उनले भनेका छन्, 'सरकारले एजेन्टहरु वा तेस्रो पक्षबाट गरिने कुनै पनि अनुरोधलाई स्वीकार गर्दैन, यो कार्यक्रमले ओभरस्टे भएका वा मान्य अनुमति नभएका विदेशीहरुलाई स्वदेश फर्किन अवसर प्रदान गर्दछ । आप्रवासी स्वदेश फिर्ता कार्यक्रमको उद्देश्य कागजात नभएका विदेशी कामदारहरुलाई स्वेच्छिकरुपमा स्वदेश फर्कन अनुमति दिने हो ।

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **PALIV INTERNATIONAL PVT. LTD.** (**श्रम इजाजत पत्र नं. ११६४/०७३/०७४**) मा डकुमेन्टेसन पदमा कार्यरत कर्मचारी : **Lhamu Sherpa,** नागरिकता नं.: २१-०२-७८-००१६५, हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

**PALIV INTERNATIONAL PVT. LTD.**
श्रम इजाजत पत्र नं. ११६४/०७३/०७४
Aruna Lama Marga, Maharajgunj, Kathmandu, Nepal Tel: 01-4518268, 4518716, 5911470
Email: info.Palivinternational@gmail.com, palivinternational74@gmail.com
Mobile: 9801070598, 9803420845, 9820112709, URL: www.palivinternational.com

## पञ्चपुरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बाबियाचौर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयपत्र**

**(सूचना प्रकाशित मितिः- २०८०/११/२२)**

उपरोक्त सम्बन्धमा यस कार्यलयबाट मिति २०८०/१०/१३ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन हुदा तपशिल बमोजिमको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (१) बमोजिम न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही भई विभिन्न मितिमा बसेको बैठकको निर्णय अनुसार स्वीकृतको लागि छनौट भएकोले ऐनको दफा २७ को उपदफा (१) को प्रयोजनको लागि यो ७ दिनको सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | कामको विवरण | प्याकेज नं. | बोलपत्रको नाम र ठेगना | कबोल रकम रु. | ल.ई. भन्दा कमी वा बढी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बरैचे खानेपानी आयोजना निर्माण पञ्चपुरी-०४,सुर्खेत | PMO/SKT/ NCB/DWS/ WORKS/ 080/081-06 | श्री सन्ध्या निर्माण सेवा नेपालगञ्ज उ.म.न.पा.-१२, बाँके | रु. ५९,१८,८९४.८८ (भ्याट सहित) | ३८।३१ प्रतिशत कम | |
| २. | बच्छी खानेपानी आयोजना निर्माण पञ्चपुरी-१०,सुर्खेत | PMO/SKT/NCB/ DWS/ WORKS/ 080/081-07 | रविन्द्र निर्माण सेवा, पञ्चपुरी-१०, सुर्खेत | रु. ५२,९६,९२०.७४ (भ्याट सहित) | ३४।२७ प्रतिशत कम | |

**प्रमुख प्रशासकिय अधिकृत**

# ‘अभ्यास शान्ति प्रयास–४’ समापन



**काठमाडौं/मस–** विश्व शान्तिमा सहभागिता रहेको नेपालसहित १८ राष्ट्रका ११२५ जना सैनिकहरू सहभागी ‘अभ्यास शान्ति प्रयास–४’ सोमबार समापन गरिएको छ। नेपाली सेनाको वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र पाँचखालमा भएको बहुराष्ट्रिय सैनिक अभ्यास कार्यक्रमको प्रधानसेनापति प्रभुराम शर्माले समापन गरेका हुन्। उक्त अभ्यास कार्यक्रमको फागुन ८ बाट शुरु भएको थियो।

कार्यक्रममा प्रधान सेनापति प्रभुराम शर्माले अभ्यासमा सहभागीहरूले देखाएको उत्सुकता, समर्पण, लगनशीलता र परिश्रमले विश्व शान्ति स्थापना प्रयासमा सहभागी हुने संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरुका सैनिकहरूबीच आपसी सद्भाव, सहयोग र समन्वयमा वृद्धि भइ शान्ति स्थापना कार्यमा निखार आउने विश्वास व्यक्त गरे। उनले द्वन्द्वग्रस्त मुलुकको जटिलता र विविध चुनौतीहरूको बाबजुद शान्ति सैनिकहरूको व्यवसायिकता, आपसी सम्बन्ध, पेसागत ज्ञान तथा मनोबल अभिवृद्धिमा यस अभ्यास सहयोगी हुने अपेक्षा गरिएको बताए।

प्रधान सेनापतिले ठूलो महत्व राख्ने शान्ति स्थापना सम्बन्धी बहुराष्ट्रिय अभ्यास सफलता पूर्वक सञ्चालन गर्ने वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र उत्कृष्ट केन्द्रको रुपमा विकसित हुँदै गइरहेकोमा खुसी व्यक्त गरे। अभ्यासको अभूतपूर्व सफलताका लागि विभिन्न ढंगले सहयोगी भूमिका निर्वाह गर्ने नेपाल सरकार, अमेरिकी सरकार, सहभागी मित्रराष्ट्रहरूका सरकार लगायत सम्बध्द सबैमा कृतज्ञता ज्ञापन गर्दै उनले यस प्रकारको अभ्यासबाट सहभागी राष्ट्रहरू बीचको पारस्परिक सम्बन्ध अभिवृद्धिमा योगदान पुग्ने विश्वास व्यक्त गरे।

उक्त अभ्यासको तेस्रो संस्करण सन् २०१७ मा भएको थियो। सन् २००० मा पहिलो संस्करण भएको थियो। दोस्रो संस्करण सन् २०१३ मा भएको थियो। संयुक्त राष्ट्र संघ (यूएन) मार्फत शान्ति स्थापनार्थ सहभागि हुने फौजको पेशागत दक्षता र आपसी समन्वयात्मक क्षमता बढाउने उद्देश्यले उक्त बहुराष्ट्रिय अभ्यास भएको हो।

यो संस्करणमा नेपालसहित १८ मुलुक सहभागि थिए। समापन समारोहमा रक्षा सचिव किरणराज शर्मा, पूर्व प्रधान सेनापतिहरू, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, नेपालका महानिरीक्षकहरू, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक, जनप्रतिनिधि, विभिन्न मिसनहरुमा फोर्स कमाण्डर लगायत बहालवाला एवं अवकाश प्राप्त रथीबृन्द तथा अधिकृत, विभिन्न कुटनीतिक नियोगमा कार्यरत सैनिक सहचारीहरू, अभ्यासमा सहभागी देशहरुका प्रतिनिधि र सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो।

## गृहिणी महिला संघद्वारा १० महिलालाई सम्मान



**काठमाडौं/मस–** गृहिणी महिला संघ नेपालले १ सय १४ औ अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा विभिन्न क्षेत्रमा ख्याति कमाएका १० जना महिलालाई सम्मान गरेको छ। सम्मानित हुनेहरुमा चर्चित नायिका केकी अधिकारी, समाजसेवी रोज बिष्ट, लोकप्रिय गायिका तथा कार्यक्रम प्रस्तोता बिष्णु माया पौडेल, पत्रकार तथा कान्तिपुर टेलिभिजनकी समाचारवाचिका श्रद्धा अर्याल, सफल व्यावसायी तथा नर्भिक अस्पतालकि निर्देशक मेघा चौधरी, महिला उद्यमी देवीका बुढाथोकी रहेकी छन्।

त्यसैगरी राष्ट्रिय महिला क्रिकेट टिमकी कप्तान इन्दु बर्मा, अधिवक्ता तृष्णा न्यौपाने, बरिष्ठ नेत्र रोग विषेशज्ञ डा.सन्जिता शर्मा र शिक्षाविद् प्रा.डा.पदमा अर्याल पनि सम्मानित भएका छन्। भूमि सुधार तथा गरिबी निवारण मन्त्री रन्जिता श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा विशेष अतिथिमा राष्ट्रिय समावेशी आयोगका अध्यक्ष डा.रामकृष्ण तिमिल्सिना र काठमाडौं वर्ल्ड स्कुलका कोर्डिनेटर नैना चन्द शाह थिए।

### भुलसुधार

मिति २०८०/११/१८ गते यस दैनिकमा प्रकाशित, जापानमा रोजगार शिर्षक कम्पनीको नाम : CIC Cooperative Society, पूर्व स्वीकृत मिति: २०८०/११/१७, चलानी नं.: **६०२१५७१४**, र LT. No.: 300854 को विज्ञापनमा अन्तर्वार्ता होटेल साम्बाला बाँसबारी काठमाडौंमा मिति २०८० फागुन २५ गते (8 March 2024) र **दरखास्त बुझाउने ठाउँ होटेल साम्बाला बाँसबारी, काठमाडौंमा** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

**Ekno Placement Pvt. Ltd.**
(साबिक:SUBASH VIJAY ASSOCIATES PVT. LTD.)
License No.: 294/058/059
Tokha , Dhapasi Horizon Height, Kathmandu | Tel. No.: 01-4987366
Mobile: 9828797580, 9801236544 | Email: svapltd2077@gmail.com

## UAE मा रोजगार | कम्पनी : KAD AIR CONDITIONING, शहर : Dubai

पूर्व स्वीकृत मिति: २०८०/११/२० चलानी नं.: ६०२१५९४८ LT. No.: 301039

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mechanic Assistan | 12 | 0 | स. काममा दक्ष | 1000 | ३६,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०८० फागुन २९ गते (12 March 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
शाखा कार्यालय:- अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), विर्तामोड, झापा
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Branch Office-023-536663 | 9801433027 | 9801433031 | 9801433029

## UAE मा रोजगार | कम्पनी : NESTO MANAGEMENT OFFICE, शहर : UAE

पूर्व स्वीकृत मिति: २०७९/०७/१८ चलानी नं.: ६०१९०५४४ L.T. No.: 274937 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall And Market Saleperson | 250 | 285 | स. काममा दक्ष | 1200 | ४३,२३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २९ गते (12 March 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२

## साउदीमा रोजगारको अवसर | कम्पनी: ASALA MEDHYAF RESTAURANTS TO SERVEMEALS, शहर: RIYADH

पूर्व स्वीकृत मिति:२०८०/११/२० चलानी नं.: ६०२१५९१६ LT. No.:301053

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २९ गते (12 March 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले इ व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | कामदारले तिने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**INTERNATIONAL HR SOLUTION PVT. LTD.**
श्रम ई. पत्र नं. १०८४/०७३/०७४
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4111221
Email: internationalhr1084@gmail.com, Web.: www.internationalhr.com.np

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
**सघन शहरी तथा भवन निर्माण आयोजना, धनकुटा**

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशन मिति : २०८०।११।२२**

यस आयोजनाबाट मिति २०८०।०७।२१ मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तपशिलको निर्माण कार्यको लागि e-GP मार्फत दर्ता हुन आएका बोलपत्रहरुमध्ये निम्न अनुसारका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही भई सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८०।११।२९ गतेका दिन बिहानको ११:०० बजे यस आयोजना कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ) को उपनियम ५ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | योजनाको विवरण | बोलपत्रदाताहरुको नाम |
|---|---|---|
| 1. | Construction and Upgradation of road at starting location (approx. 1km) of Gopal Bhagat Smiriti Hospital to Khorande, Khandbari-1, Sankhuwasabha PUDBC/DKT/NCB/WORKS/21/080/081 | 1. B.K.S.K./Shrijana J.V., Kathmandu<br>2. Arun Barun/Rijan and Riyana/Rani Dhunga J.V., Sankhuwasabha |

### बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

**प्रकाशन मिति : २०८०।११।२२**

यस आयोजनाको बोलपत्र आह्वानको सूचना अनुसार तपसिलको निर्माण कार्यहरुको लागि प्राप्त बोलपत्रमध्ये न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भएका निम्न बोलपत्रदाताहरुको बोलपत्र स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशन गरिएको छ।

| सि. नं. | योजनाको नाम, ठेक्का नं. | निर्माण व्यवसायीको नाम, ठेगाना | कबोल अंक रु. (मु.अ.कर र प्रोभिजनल सम सहित) |
|---|---|---|---|
| 1. | Construction of Kirat Loharung (Rai) Yakhwa Museum, Khandbari–04, Pangma, Sankhuwasabha PUDBC/DKT/NCB/WORKS/10/080/081 | Jimba/Star Sailung J.V., Kathmandu | 1,82,13,442.69 |
| 2. | Construction of Sahid Bhim Narayan Smriti Pratisthan Building in Ward No.6, Dhankuta Municipality, Dhankuta PUDBC/DKT/NCB/WORKS/54/080/081 | Lakandri Bandhu Construction & Suppliers, Dhankuta | 66,43,630.09 |

- आयोजना प्रमुख

## कुवेतमा रोजगारको अवसर | कम्पनी : CITY GROUP CO., शहर : Kuwait

पूर्व स्वीकृत मिति: २०८०/११/२१ चलानी नं.: ६०२१५९५२ LT. No.: 300849

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Driver | 200 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६४,४९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Denter | 5 | 0 | | 170 | ७३,०९८ | | | | | | | |
| 3. | Electrician | 12 | 0 | | 150 | ६४,४९८ | | | | | | | |
| 4. | Indoor Labour | 12 | 0 | | 95 | ४०,८४९ | | | | | | | |
| 5. | Mechanic | 12 | 0 | | 150 | ६४,४९८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २९ गते (12 March 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Bright Star Human Resources PVT. LTD.**
Gov. Lic. No.: 703/064/65
Basundhara, Kathmandu, Nepal, Tel.: 01- 5910659, What's App: +9779851320507
Email: brightstarhrnp@gmail.com/ Website: brightstarshr.com
Mobile : 9851315983, 9818002688, 9851044323, 9861605199, 9841076393, 9810264566, 9843748018

## SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनी : WEST DESERT GENERAL CONTRACTING EST शहर: Dammam
पूर्व स्वीकृत मिति: २०८०/११/२० चलानी नं.: ६०२१५९५० LT. No.: 301023

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Observer | 1 | 0 | स. काममा दक्ष | 3500 | १२३,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० फागुन २९ गते (12 March 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MITHILA INTERNATIONAL SERVICE PVT. LTD.**
श्रम इजाजत पत्र नं.: १०२७/०६८/०६९
P.O.Box No.: 11016, EPC 174, Tilganga-9, (Near Tilganga Hospital), Gaushala, Kathmandu, Nepal
Tel: 9813828296, 9803055121, 9865115019
E-mail: anjulayadav@hotmail.com, info@mithilagroup.com, Url: www.mithilaintlgroup.com

## मलेसियामा रोजगार | कम्पनी : RESTORAN TONG SHENG, शहर: Malaysia, Taman

पूर्व स्वीकृत मिति: २०८०/०१/०५ चलानी नं.: ६०२००३३९ LT. No.: 284927 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crew Restaurant | 5 | 0 | स. काममा दक्ष | 1500 | ४१,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २९ गते (12 March 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Basbari Ward No 3, Kathmandu, Nepal Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
BRANCH OFFICE'S:
Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051

## साउदीमा रोजगार | कम्पनी: AL-OTHMAN AGRI. PROD. & PROC. CO (NADA), शहर: Saudi Arabia, Al Khobar

पूर्व स्वीकृत मिति: २०८०/११/२१ चलानी नं.: ६०२१५९५३ LT. No.: 301063

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 15 | 0 | स. काममा दक्ष | 1800 | ६३,५२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८० फागुन २९ गते (12 March 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

